# Terms of Reference (TOR)

## पलम्बर तालिम सञ्चालन कार्यक्रम

बन्दिपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बन्दिपुर, तनहुँ गण्डकी प्रदेश, नेपाल

### १. पृष्ठभूमि

स्थानीय स्तरमा दक्ष जनशक्तिको विकास गरी स्वरोजगार तथा रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यले बन्दीपुर गाउँपालिकाले आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **पलम्बर तालिम** सञ्चालन गर्न लागेको हो। यस तालिम मार्फत सहभागीहरूलाई घरायसी तथा व्यावसायिक प्रयोजनका आधारभूत प्लम्बिङ कार्यमा आवश्यक ज्ञान, सीप तथा व्यावहारिक दक्षता प्रदान गरिनेछ।

तालिमलाई प्रभावकारी, व्यवहारिक र सीपमुखी रूपमा सञ्चालन गर्न योग्य तथा अनुभवी सेवा प्रदायक संस्था/प्रशिक्षण प्रदायक छनोट गर्न यो कार्यशर्त विवरण तयार गरिएको छ

### २. तालिमको मुख्य उद्देश्य

- सहभागीहरूलाई खानेपानी तथा ढल निकास प्रणाली, पाइप फिटिङ (PPR, CPVC, PVC आदि), सेनेटरी फिक्सचर जडान र मर्मतसम्भार सम्बन्धी ३९० घण्टाको सैद्धान्तिक र व्यावहारिक ज्ञान तथा सीप प्रदान गर्ने।
- पानी आपूर्ति तथा निकास प्रणाली सम्बन्धी कार्य गर्न सक्षम बनाउने।
- पाइप, फिटिङ तथा आवश्यक प्लम्बिङ उपकरणको सही प्रयोग गर्न सिकाउने।
- घर तथा भवनमा हुने सामान्य प्लम्बिङ समस्या पहिचान तथा समाधान गर्न सक्षम बनाउने।
- सहभागीहरूलाई व्यावसायिक प्लम्बरको रूपमा स्वरोजगार बन्न वा श्रम बजारमा प्रतिस्पर्धा गर्न योग्य बनाउने।

**३. सेवा प्रदायकको कार्यक्षेत्र र जिम्मेवारी (Scope of Work)** सेवा प्रदायकले निम्न बमोजिमका कार्यहरू गर्नुपर्नेछ:

- **पाठ्यक्रम**: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट स्वीकृत ३९० घण्टाको 'प्लम्बर (Plumber)' को राष्ट्रिय सीप मानक (National Skill Standard) अनुसारको पाठ्यक्रममा आधारित भई तालिम सञ्चालन गर्ने।
- **प्रशिक्षक व्यवस्था**: प्लम्बिङ विषयमा CTEVT बाट TOT (Training of Trainers) लिएका वा NSTB बाट प्लम्बिङको सीप परीक्षण कम्तीमा लेभल २ (Level-2) उत्तीर्ण गरेका अनुभवी मुख्य प्रशिक्षक र सह-प्रशिक्षकको व्यवस्था गर्ने।
- **औजार तथा उपकरण**: तालिमका लागि आवश्यक पर्ने सम्पूर्ण प्लम्बिङ औजारहरू (जस्तै: Pipe wrench, threading machine, pipe cutter, die set, leveling tools आदि) र व्यक्तिगत सुरक्षा उपकरण (PPE जस्तै: हेल्मेट, पन्जा, सेफ्टी बुट) पर्याप्त मात्रामा व्यवस्था गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

- **कच्चा पदार्थ र प्रयोगात्मक कार्य**: अभ्यासका लागि आवश्यक पर्ने पाइपहरू (PPR, CPVC, PVC), फिटिङ्स, सेनेटरी सामानहरू उपलब्ध गराउने। नमुना बाथरुम/किचन सेटअप वा नजिकैको निर्माण साइटमा लगेर कम्तीमा ८०% व्यावहारिक अभ्यास गराउने।
- **सीप परीक्षण**: तालिमको अन्त्यमा सम्पूर्ण सहभागीहरूलाई NSTB को सीप परीक्षणमा समावेश गराउने सम्पूर्ण व्यवस्था (फारम भर्ने, समन्वय गर्ने) मिलाउने।
- **अनुगमन तथा मूल्याङ्कन**: दैनिक हाजिरी व्यवस्थापन गर्ने र अनुगमन टोलीलाई आवश्यक जानकारी उपलब्ध गराउने।

**४ तालिमका लक्षित सहभागी**

- **सहभागी संख्या:** गाउँपालिकाले स्वीकृत गरेको कार्यक्रम तथा बजेट अनुसार
- **लक्षित वर्ग:** स्थानीय स्तरका बेरोजगार, सीप सिक्न इच्छुक तथा स्वरोजगार गर्न चाहने व्यक्ति, वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरू
- **तालिम अवधि:** ३९० घण्टा (सामान्यतया ६५ कार्यदिन, प्रतिदिन ६ घण्टाका दरले)।
- **तालिम स्थान:** बन्दीपुर गाउँपालिका, तनहुँ

**४. तालिमको पाठ्यवस्तु**

सेवा प्रदायक संस्थाले आवश्यकता अनुसार निम्न विषयहरू समेटी व्यवहारिक तालिम सञ्चालन गर्नुपर्नेछः

- प्लम्बिङको परिचय तथा कार्यक्षेत्र
- प्लम्बिङमा प्रयोग हुने औजार तथा उपकरणको परिचय र प्रयोग
- विभिन्न प्रकारका पाइप तथा फिटिङ
- पाइप काट्ने, जोड्ने तथा जडान गर्ने तरिका
- पानी आपूर्ति प्रणाली
- धारा तथा पानीका अन्य उपकरण जडान
- ट्यांकी तथा पानी वितरण प्रणाली
- शौचालय तथा सेनेटरी फिटिङ
- पानी निकास तथा ड्रेनेज प्रणाली
- चुहावट पहिचान तथा मर्मत
- प्लम्बिङसम्बन्धी सामान्य समस्या समाधान
- कार्यस्थल सुरक्षा तथा व्यक्तिगत सुरक्षा उपकरणको प्रयोग
- व्यवहारिक अभ्यास तथा सीप परीक्षण

प्रमुख प्रशासकीय अधिकृत

## ५. सेवा प्रदायक संस्थाको न्यूनतम योग्यता

- प्रचलित कानुन बमोजिम दर्ता भई नवीकरण भएको हुनुपर्ने।
- PAN/VAT दर्ता प्रमाणपत्र
- पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र भएको।
- सम्बन्धित तालिम सञ्चालनको अनुभव
- प्रशिक्षकको विवरण तथा योग्यता/अनुभव
- तालिम सञ्चालनको प्रस्ताव
- प्रति-एकाई दर सहितको विस्तृत लागत विवरण

## ९. लागत अनुमानका लागि दररेट

सेवा प्रदायक संस्थाले **प्रति प्रशिक्षार्थी, प्रति दिन तथा आवश्यक सामग्री/सेवाको प्रति एकाइ दर** स्पष्ट रूपमा उल्लेख गरी लागत विवरण पेश गर्नुपर्नेछ।

दररेटमा प्रशिक्षक शुल्क, तालिम व्यवस्थापन, हल भाडा, औजार तथा उपकरण, अभ्यास सामग्री, शैक्षिक सामग्री, सुरक्षा सामग्री, मूल्याङ्कन तथा प्रमाणपत्र लगायतका लागतहरू छुट्टाछुट्टै खुलाउनुपर्नेछ।

## १०. अपेक्षित उपलब्धि

तालिम सम्पन्न भएपछि सहभागीहरूले आधारभूत तथा व्यवहारिक प्लम्बिङ कार्यहरू सुरक्षित र प्रभावकारी रूपमा गर्न सक्ने अपेक्षा गरिएको छ। साथै सहभागीहरू स्वरोजगार तथा रोजगारीका लागि आवश्यक सीप हासिल गर्न सक्षम हुनेछन्।

## ११. प्रतिवेदन

सेवा प्रदायक संस्थाले तालिम सम्पन्न भएपछि देहायका विवरणसहित प्रतिवेदन पेश गर्नुपर्नेछः

- तालिम सञ्चालनको अवधि
- सहभागीको नामावली तथा उपस्थिति
- तालिममा समेटिएका विषयहरू
- व्यवहारिक अभ्यासको विवरण
- मूल्याङ्कनको विवरण
- तालिमका उपलब्धिहरू
- फोटो तथा अन्य प्रमाणहरू
- प्रमाणपत्र वितरणको विवरण
- आवश्यक सुझाव तथा निष्कर्ष

प्रमुख प्रशासकीय अधिकृत

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## १२. अनुगमन तथा समन्वय

तालिम कार्यक्रमको अनुगमन तथा समन्वय गाउँपालिकाले गर्नेछ। सेवा प्रदायक संस्थाले गाउँपालिकाले तोकेको सम्पर्क व्यक्ति/शाखासँग आवश्यक समन्वय गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

## १३. भुक्तानी

सेवा प्रदायकलाई सम्झौतामा उल्लेख भए बमोजिम तथा स्वीकृत लागत/दररेट र कार्यसम्पादनको आधारमा प्रचलित कानून तथा गाउँपालिकाको नियमअनुसार भुक्तानी गरिनेछ।

## १४. सम्झौताको अवधि

सम्झौता भएको मितिदेखि तालिम सम्पन्न गरी आवश्यक प्रतिवेदन पेश नभएसम्म वा सम्झौतामा तोकिएको अवधिसम्म लागू हुनेछ।

## १५. अन्य

यस TOR मा उल्लेख नभएका विषयहरू प्रचलित कानून, गाउँपालिकाका स्वीकृत निर्णय तथा सम्झौताका शर्तअनुसार हुनेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत